**राष्ट्रिय न्यायिक प्रतिष्ठान**

पदपूर्ति समिति

तारकेश्वर -१०, मनमैजू, काठमाडौं ।

# पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।११।१९)

लोक सेवा आयोगको सहमति अनुसार प्रतिष्ठानमा रिक्त रहेका तपसिलमा उल्लेखित पदहरुमा कार्यक्षमताको मूल्यांकनद्वारा बढुवा,आन्तरिक प्रतियोगिता र खुला प्रतियोगिताद्वारा स्थायी पूर्ति गर्नु पर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुले यस प्रतिष्ठानबाट निर्धारित फाराममा स्पस्ट रुपले उल्लेखित विवरण खुलाई नेपाली नागरिकता र शैक्षिक योग्यताका प्रमाणपत्रहरु र तालिम तथा अनुभवका पत्रहरुको प्रतिलिपि संलग्न गरी खुला र आन्तरिकको हकमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्राईस) दिनभित्र र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र ( शनिवार र आइतवार कार्यालय बन्द रहने) कार्यालय समयभित्र यस प्रतिष्ठानमा दरखास्त दिन हुन सूचित गरिन्छ।कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाको हकमा निर्धारित योग्यता पुगेका यस प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुले शैक्षिक योग्यता, तालिम लगायतका आवश्यक कागजातहरुको प्रतिलिपि आफैले प्रमाणित गरी दरखास्त फारम साथै राखी निर्धारित फाराम भरी १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्नुपर्नेछ ।तर दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट दरखास्त बुझाउन सकिनेछ । रीत नपुगेको र म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारवाही गरिने छैन। दरखास्त दस्तुर अधिकृत प्रथम र द्वितीय श्रेणीको हकमा एक हजार दुई सय रुपैयाँ, अधिकृत तृतीय श्रेणीको हकमा एक हजार रुपैयाँ र सहायक प्रथमको हकमा चार सय रुपैयाँ हुनेछ । समावेशी समूहमा दरखास्त पेश गर्दा प्रत्येक थप समूहको लागि तोकिएको दस्तुरको आधा रकमको दरले परीक्षा दस्तुर थप गर्नुपर्नेछ ।परीक्षा दस्तुर बापतको रकम ग्लोवल आइ.एम.ई. वैक लि.मा रहेको यस प्रतिष्ठानको नामको चल्ती खाता नं. ०१०००००२४३३३५२४ (कुनै पनि बैंकिङ्ग कार्यालय) मा जम्मा गरेको भौचरको सक्कलै प्रति दरखास्तका साथ पेश गर्नुपर्ने छ ।

**१.कार्यक्षमता मुल्यौंकन र आन्तरिक प्रतियोगिता तर्फः**

| विज्ञापन नं. | पद | श्रेणी | समूह | पद संख्या | पदपूर्ति प्रकार | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|
| ०१।२०७९।८० | निर्देशक | अधिकृत प्रथम | अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन | १ (एक) | कार्यक्षमता | राष्ट्रिय न्यायिक प्रतिष्ठान (कार्यकारी निर्देशक तथा कर्मचारीको नियुक्ति, पारिश्रमिक तथा सुविधासम्वन्धी) नियमावली, २०६९ को नियम २९ बमोजिमको सेवा अवधि र योग्यता पूरा गरेको |
| ०२।२०७९।८० | उप निर्देशक | अधिकृत द्वितीय | | १(एक) | | |
| ०३।२०७९।८० | उप निर्देशक (व्यवसाय विकास अधिकृत) | अधिकृत द्वितीय | | १(एक) | आ.प्र. | |

**२.खुला तथा समावेशी तर्फः**

| विज्ञापन नं. | पद | श्रेणी | समूह | पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | उमेरको हद |
|---|---|---|---|---|---|---|
| ०४।२०७९।८० | उप निर्देशक | अधिकृत द्वितीय | अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन | खुला-१(एक) | कानुनमा स्नातकोत्तर उतीर्ण गरेको र मान्यता प्राप्त शिक्षण संस्थामा अधिकृत तृतीय वा सो सरहको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा प्रशिक्षण गरेको | दरखास्त पेश गर्ने अन्तिम मितिसम्म २१ बर्ष पूरा भई ४० बर्ष ननाघेको |
| ०५।२०७९।८० | अनुसन्धान अधिकृत/प्रशिक्षण व्यवस्थापन अधिकृत/शाखा अधिकृत | अधिकृत तृतीय | अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन | खुला-१(एक)<br>महिला-१(एक)<br>मधेसी-१(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून बिषयमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको | दरखास्त पेश गर्ने अन्तिम मितिसम्म २१ बर्ष पूरा भएको र पुरुषको हकमा ३५ बर्ष र महिला तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ०६।२०७९।८० | लेखा अधिकृत | अधिकृत तृतीय | विविध | महिला-१(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा/वित्त शास्त्र मूल विषय लिई स्नातकोत्तर उतीर्ण गरेको | अपाङ्गताको हकमा ४० बर्ष उमेर ननाघेको |
| ०७।२०७९।८० | कार्यालय सहायक/अनुसन्धान सहायक/प्रशिक्षण व्यवस्थापन सहायक | सहायक प्रथम | अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन | खुला-३(तीन)<br>दलित.-१(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उतीर्ण गरेको | दरखास्त पेश गर्ने अन्तिम मितिसम्म १८ बर्ष पूरा भएको र पुरुषको हकमा ३५ बर्ष र महिला तथा अपाङ्गताको हकमा ४० बर्ष उमेर ननाघेको |
| ०८।२०७९।८० | छपाई सहायक | सहायक प्रथम | विविध | महिला-१(एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरी अफसेट प्रेषसम्वन्धी बिषयमा मान्यताप्राप्त संस्थाबाट ५ (पाँच) महिनाको तालिम प्राप्त वा अफसेट प्रेषसम्वन्धी दुई वर्षको अनुभव प्राप्त | |

क. **परीक्षाको किसिम** : लिखित,प्रयोगात्मक र अन्तर्वार्ता ।

ख. **परीक्षा सञ्चालन** : लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

ग. **परीक्षाको भाषा** **:पाठ्यक्रममा तोकिए बमोजिम (**नेपाली वा अंग्रेजी वा दुवै)

घ. **दरखास्त फाराम र पाठ्यक्रम** : तोकिएका पदहरुका लागि दरखास्त फाराम र पाठ्यक्रम प्रतिष्ठानको वेबसाइट www.njanepal.org.np बाट डाउनलोड गर्न सकिनेछ ।

ङ. **समकक्षता** : विदेशी शैक्षिक संस्थामा अध्ययन गरी शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपले दरखास्तसाथ पेस गर्नुपर्नेछ ।

च. **तलव तथा अन्य सुविधा** :तलव र अन्य सुविधाहरु प्रतिष्ठानको नियमानुसार हुनेछ ।

छ. **परीक्षणकाल** : नियुक्ति गरिएका कर्मचारीको परिक्षणकाल महिलाको हकमा ६ महिना र र पुरुषको हकमा १ वर्षको हुनेछ ।

ज. समावेशीतर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु:
**मधेशीको हकमा**:नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ ।
**दलितको हकमा**: राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचिको आधारमा,तर राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ।

झ. लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ । सो कार्यक्रम लोक सेवा आयोग र राष्ट्रिय न्यायिक प्रतिष्ठानको वेवसाइटमा परीक्षा कार्यक्रम निर्धारण भएपछि प्रकाशित हुनेछ ।

ञ. दोव्वर दस्तुरको म्यादलाई उमेर,शैक्षिक योग्यता,तालिम,अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन।

ट. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेलापनि रद्द हुनेछ । यसरी रद्द हुन गएका दरखास्तहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन।

ठ. यस सूचनामा उल्लेख नभएका,उल्लेख भई फरक परेका तथा अन्य विषयहरु राष्ट्रिय न्यायिक प्रतिष्ठान (कार्यकारी निर्देशक तथा कर्मचारीको नियुक्ति,पारिश्रमिक तथा सुविधा सम्बन्धी नियमावली र अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

**सदस्य सचिव**
**पदपूर्ति समिति, राष्ट्रिय न्यायिक प्रतिष्ठान**
तारकेश्वर-१०, मनमैजू, काठमाडौं, फोन नं. ०१-४०२७४४९